**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०८ अप्रेल २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- निर्वाचन आयोगले पश्चिम बंगालमा शान्तिपूर्ण र निष्पक्ष मतदान सुनिश्चित गर्न यस पटक विशेष सुरक्षा व्यवस्थाको तयारी गरिरहेको छ।
- पश्चिम बङ्गाल विधानसभा चुनावअघि चुनाउ प्रक्रियालाई निष्पक्ष र पारदर्शी बनाउन कठोर निगरानीका बीच २६ फरावरी देखि ६ अप्रेलसम्म कुल ३२७.४४ करोड रुपियाँ बराबरको अवैध सामग्री जफत गरिएको छ।
- निर्वाचन आयोगले मतदाता सूचीको विशेष गहन पुनरीक्षण- एसआईआर पछि पश्चिम बंगाल राज्यको मतदाता सूचीबाट लगभग ९१ लाख मतदाताहरूको नाम हटाएको छ।
- पश्चिम बंगालमा विधानसभा चुनावको दोस्रो र अन्तिम चरणको लागि नामाङ्कन दर्ता गर्ने काम भोलि समाप्त हुनेछ। तृणमूल कांग्रेस प्रमुख ममता ब्यानर्जीले आज भवानीपुर विधानसभा क्षेत्रको लागि नामांकन दर्ता गर्नुभएको छ।
- भारतले पश्चिम एशियामा युद्धविरामको स्वागत गरेको छ।
- भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं केन्द्रीय मन्त्री गजेन्द्र सिंह शेखावतले पश्चिम बंगालमा चिया बगानहरुको विकासका लागि विभिन्न कल्याणकारी योजनाहरू शुरु गरिने बताउनु भएको छ।

**पश्चिम बंगाल -शांतिपूर्ण ,निष्पक्ष मतदान - विशेष सुरक्षा व्यवस्था**

निर्वाचन आयोगले पश्चिम बंगालमा शान्तिपूर्ण र निष्पक्ष मतदान सुनिश्चित गर्न यस पटक विशेष सुरक्षा व्यवस्थाको तयारी गरिरहेको छ। यस अन्तर्गत सबै मतदान केन्द्रहरूको संवेदनशील स्थानहरूमा पर्याप्त केन्द्रीय बलहरूको तैनातीका साथ कृत्रिम बुद्धिमत्तामा आधारित वेब क्यामेरा जडान गरिनेछ, जसको केन्द्रीय नियन्त्रण कक्षबाट निगरानी गरिनेछ। चुनाउ नियमलाई कठोरताका साथ पालन गर्न यसपटक मतदान केन्द्रभित्र र बाहिर आर्टिफिसियल इन्टेलिजेन्समा आधारित क्यामेरा जडान गरिने आयोग सुत्रले जनाएको छ। सुत्र अनुसार यदि कुनै अनधिकृत व्यक्ति तोकिएको संख्याभन्दा अधिक मतदान केन्द्रमा प्रवेश गर्छ भने प्रणालीले माइक्रो अब्जर्भरलाई तुरुन्त सचेत गराउनेछ। प्रत्येक मतदान केन्द्रमा एक जना पीठासीन अधिकारी , तीन जना मतदान अधिकारी र प्रत्येक उम्मेदवारका एक÷एक मतदान प्रतिनिधि उपस्थित रहने व्यवस्था छ। थप उपस्थिति कुनै पनि प्रकारको छ भने संकेत तुरुन्त जारी गरिनेछ। पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारीको कार्यालयका एक वरिष्ठ अधिकारीले भने, "यो प्रणालीले मानव उपस्थिति पहिचान गरेर र स्क्रिनमा आयताकार चिन्हहरू बनाएर सम्बन्धित व्यक्तिहरूको पहिचान गर्न सक्षम हुनेछ, जसले वास्तविक समय निगरानी गर्न सक्षम हुनेछ। प्रत्येक मतदान केन्द्रभित्र र बाहिर कम्तीमा एउटा क्यामरा राखिनेछ। थप संवेदनशील क्षेत्रहरूमा थप क्यामेराहरू पनि स्थापना गर्न सकिन्छ। यी क्यामेराको लाइभ ट्रान्समिसन सिस्टमलाई केन्द्रीय कन्ट्रोल रुममा जडान गरिनेछ, जहाँबाट निरन्तर निगरानी गरिनेछ। कुनै अनियमितता भएमा प्रणालीले स्वतः चेतावनी दिनेछ।

**पश्चिम बंगाल विधानसभा चुनाव – कठोर निगरानी**

पश्चिम बङ्गाल विधानसभा चुनावअघि चुनाउ प्रक्रियालाई निष्पक्ष र पारदर्शी बनाउन कठोर निगरानीका बीच २६ फरावरी देखि ६ अप्रेलसम्म कुल ३२७.४४ करोड रुपियाँ बराबरको अवैध सामग्री जफत गरिएको छ। भारतको निर्वाचन प्राधिकरणले यो जानकारी दिएको हो। मतदातालाई प्रभावित पार्न प्रयोग हुने नगद, मदिरा, मादकपदार्थ, बहुमूल्य धातुहरु लगायत सामग्री जफत गरिएको निर्वाचन प्राधिकरणले जनाएको छ। चुनाउलाई स्वतन्त्र र निष्पक्ष बनाउन विभिन्न जाच टोलीले निरन्तर

अभियान चलाई रहेका छन् । चुनावको घोषणा भएदेखि नै राज्यका विभिन्न जिल्लाहरुमा निगरानी बढाइएको अधिकारीहरुले बताएका छन् । फ्लाइङ स्क्वाड, स्थिर निगरानी दल र पुलिसको संयुक्त टोलीद्वारा लगातार जाँच अभियान चलाई रहेको छ । मतदाताहरूले कुनै पनि दबाब बिना आफ्नो मताधिकारको प्रयोग गर्न सकून् भनेर चुनावमा धनबल र अवैध प्रभावलाई रोक्ने उद्देश्यले यो कदम चालिएको निर्वाचन अधिकारीहरूले बताएका छन्। उल्लेखनीय छ ,पश्चिम बंगालमा यसै महिनाको अन्त्यमा हुन लागेको महत्वपूर्ण विधानसभा चुनावलाई मध्यनजर गर्दै सुरक्षा र निगरानी प्रणालीलाई अझ बलियो बनाइएको छ । चुनाउ प्राधिकरणले आदर्श आचारसंहिता उल्लङ्घन गर्नेमाथि कठोर कारबाही जारी राख्ने स्पष्ट पारेको छ ।

**प्रधान मन्त्री नरेन्द्र मोदी/ बित्तमंत्री**

प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री मुद्रा योजना युवाहरूमा स्व-रोजगारलाई बढावा दिन अत्यधिक लाभदायक साबित भएको बताउनु भएको छ। बर्ष २०१५ मा शुरु भएको यो योजनाले आज ११ वर्ष पूरा गरेको छ । एक सामाजिक सञ्जाल पोष्टमा श्री मोदीले भन्नुभयो, यस योजनाको सफलताले यो देखाएको छ कि जब मानिसहरूलाई सही अवसरहरू प्रदान गरिन्छ, तिनीहरू आत्मनिर्भर बन्न सक्छन् र राष्ट्रको प्रगतिमा महत्त्वपूर्ण योगदान पनि दिन सक्छन्। उहाँले अझ भन्नुभयो, प्रधानमन्त्री मुद्रा योजनाले लाखौंलाई सपना देख्ने आत्मविश्वास र त्यसलाई पूरा गर्ने साधनहरूको साथ सशक्त बनाएर ऋणको पहुँचलाई पुनर्परिभाषित गरेको छ। उहाले भन्नुभयो -बाधाहरू हटाएर र जनताको आकांक्षामा विश्वास गरेर, यसले देशभरि उद्यमशीलताको भावनालाई बलियो बनाएको छ l

**भाजपा नेता -निर्वाचन आयोग**

भारतीय जनता पार्टीका बरिस्ठ नेता तथा केन्द्रीय मन्त्री डा. वीरेन्द्र कुमारले पश्चिम बंगालमा चुनावको समयमा कानून व्यवस्थाको स्थितिको बारेमा आज निर्वाचन आयोगमा पार्टीको प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभयो । पार्टीले राज्यमा भय र अराजकताको माहौल सिर्जना भइरहेको आरोप लगाएको छ । पत्रकारहरुसँग बातचीत गर्नुहुदै श्री कुमारले यस्तो अवस्थाले देशका संवैधानिक संस्थाहरूप्रति अविश्वास बढाइरहेको बताउनु भयो । डा. कुमारले भन्नुभयो - प्रतिनिधिमण्डलले निर्वाचन आयोगलाई सम्पर्क गरेर पश्चिम बङ्गालमा स्वतन्त्र र निष्पक्ष रूपमा चुनाव सम्पन्न गर्न माग गरेको छ l

**निर्वाचन आयोग -एसआईआर**

निर्वाचन आयोगले मतदाता सूचीको विशेष गहन पुनरीक्षण- एसआईआर पछि पश्चिम बंगाल राज्यको मतदाता सूचीबाट लगभग ९१ लाख मतदाताहरूको नाम हटाएको छ। आधिकारिक आकड़ा अनुसार व्यापक संशोधन प्रक्रियाका कारण मतदाता नामावलीबाट लगभग ९१ लाख नाम हटाइएको छ । यस प्रक्रियामा यस अघि हटाइएका लगभग ६३ लाख मतदाताहरूको नाम र अतिरिक्त २७ लाख मतदाताहरूको नाम समावेश गरिएको छ जसलाई निर्णयपछि अयोग्य घोषित गरिएको थियो। आयोगले डुप्लिकेट, मृत, स्थानान्तरण वा अन्य कुनै कारणले अयोग्य मतदातालाई हटाएर मतदानअघि मतदाता सूचीलाई थप पारदर्शी बनाउने उद्देश्यले यो संशोधन गरिएको जनाएको छ । मुर्शिदाबाद, उत्तर २४ परगना, मालदा, नादिया र दक्षिण २४ परगना सहित धेरै जिल्लाहरूमा नाम सबैभन्दा अधिक हटाइयो। कोलकातामा, धेरै निर्वाचन क्षेत्रहरूबाट लगभग ७ लाख मतदाताहरूको नाम हटाइयो, जसले शहरको उत्तरी र दक्षिणी दुवै भागहरूमा मतदाताहरूको संख्यामा धेरै कमी आयो ।

**भारत- पश्चिम एशिया- युद्धविराम-स्वागत**

विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले भन्नुभयो, भारत सधैं शान्तिको समर्थक रहँदै आएको छ र पश्चिम एशियाका प्रयासहरुले युक्रेनमा पनि शान्ति स्थापना गर्न मद्दत गर्ने बताउनु भएको छ ।

**पश्चिम बंगाल विधानसभा चुनाव -नामांकन**

पश्चिम बंगालमा विधानसभा चुनावको दोस्रो र अन्तिम चरणको लागि नामाङ्कन दर्ता गर्ने काम भोलि समाप्त हुनेछ। तृणमूल कांग्रेस प्रमुख ममता ब्यानर्जीले आज भवानीपुर विधानसभा क्षेत्रको लागि नामांकन दर्ता गर्नुभयो l उहा बिहान लगभग 10.45 बजी आफ्नो निवासबाट आठ सय मिटर पैदलै अलीपुर सर्वेक्षण भवन पुग्नुभयो अनि नामांकन दर्ता गर्नुभयो । नामांकनको

समय कोलकाताका मेयर तथा राज्यमन्त्री फिरहाद हाकिम, काउन्सिलरहरू र मुख्यमन्त्रीका आफन्तहरु लगायत अन्य नेताहरू उपस्थित थिए। भवानीपुरबाट तीन पटक विधायक रहेकी ममता बनर्जीले भाजपाका उम्मेदवार शुभेन्दु अधिकारीसँग प्रतिस्पर्धा गर्नुहुनेछ । शुभेन्दु अधिकारीले गत हप्ता केन्द्रीय गृहमन्त्री अमित शाहसहित वरिष्ठ नेताहरूको उपस्थितिमा यस सीटबाट आफ्नो नामांकन दर्ता गर्नुभएको थियो । यस क्रममा उहाले राजनीतिक शक्तिको प्रदर्शन पनि गर्नुभयो । भवानीपुरको लडाइँ प्रतिष्ठाको लडाइँ बनेको छ र यो निर्वाचन क्षेत्र २०२६ को विधानसभा चुनावको लागि प्रतीकात्मक केन्द्र बनेको छ।

**भारतीय जनता पार्टी - केंद्रीय मंत्री -चिया बगान**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय मन्त्री गजेन्द्र सिंह शेखावतले पश्चिम बंगालमा चिया बगानहरुको विकासका लागि विभिन्न कल्याणकारी योजनाहरू शुरु गरिने बताउनु भएको छ । श्री शेखावत जलपाइगुडी जिल्लाको नगरकटामा एक जनसभालाई सम्बोधन गर्दै हुनुहुन्थ्यो । अलीपुरद्वार जिल्लाको सोनारपुरमा एक जनसभालाई सम्बोधन गर्नुहुदै भाजपा अध्यक्ष नितिन नवीनले पश्चिम बंगालमा विधानसभा चुनावमा सरकार परिवर्तन हुने बताउनु भएको छ।

**भाजपा – पश्चिम बंगाल -उम्मेदवार घोषणा**

भारतीय जनता पार्टीले पश्चिम बंगाल विधानसभा चुनावका लागि छैटौँ सूचीमा एक उम्मेदवारको नाम जारी गरेको छ। राकेश सिंहले कोलकाता पोर्टबाट चुनाव लड्ने छन्। पश्चिम बंगालमा २३ अप्रेल र २९ अप्रेलमा विधानसभा चुनाव दुई चरणमा हुँदैछ।

**भारतीय निर्वाचन आयोग- पश्चिम बङ्गाल**

भारतीय निर्वाचन आयोगले आज आश्वासन दिदै भनेको छ - पश्चिम बङ्गालको चुनाव निश्चित रूपमा कुनै भय, हिंसा, धम्की, प्रलोभनबाट मुक्त हुनेछ र कुनै बुथ जाम र स्रोत जाम मुक्त हुनेछ। तृणमूल कांग्रेसको प्रतिनिधिमण्डललाई भेटेपछि आयोगले सामाजिक सञ्जालमा यस्तो जानकारी दिएको हो। यस अघि टीएमसीको प्रतिनिधिमण्डलमा वरिष्ठ नेताहरू डेरेक ओ ब्रायन, सागरिका घोष, साकेत गोखले र मेनका गुरुस्वामीले आयोगलाई एक ज्ञापन पत्र बुझाएका थिए र पश्चिम बंगालमा चुनाव प्रक्रियाको तटस्थता, निष्पक्षता र पारदर्शिताको बारेमा चिन्ता व्यक्त गरेका थिए।

**चुनाव आयोग -सामान्य पर्यवेक्षक हटाइयो**

चुनाउ आयोगले कुचबिहार दक्षिण विधानसभा क्षेत्रका सामान्य पर्यवेक्षक अनुराग यादवलाई पदबाट हटाएको छ। एक अधिकारीले बताए अनुसार , उनले आफ्नो निर्वाचन क्षेत्रमा मतदान केन्द्रहरूको संख्याको बारेमा सही जानकारी दिन असफल भएपछि यो कारबाही गरिएको हो
पर्यवेक्षकहरूको बैठकमा प्रमुख चुनाउ आयुक्त ज्ञानेश कुमारले यादवलाई उनको क्षेत्रमा कति मतदान केन्द्र छन् भनेर सोधेका थिए। यादव असहज देखिए र जवाफ दिन केही समय लिएका थिए। ती अधिकारीले भने, 'निष्पक्ष र सहज निर्वाचन सञ्चालनका लागि पर्यवेक्षकहरूसँग आफ्नो क्षेत्रको क्षमता र ज्ञान हुनु अति आवश्यक छ।

**उत्तरबंग विश्वविद्यालय -पीएचडी कोर्सवर्क - विवाद**

उत्तरबंगाल विश्वविद्यालयमा विद्यावारिधि गर्ने विषयमा आज ठूलो विवाद उत्पन्न भएको छ। रिसर्च एलिजिबिलिटी टेस्ट (रेट ) मार्फत भर्ना प्रक्रिया पहिले नै प्रश्नको घेरामा थियो, अब केही परीक्षार्थीहरूको लागि फरक प्रणालीमा परीक्षा सञ्चालन गर्ने आरोप लगाइएको छ। सुत्र अनुसार केही परीक्षार्थीहरुलाई प्रशासनिक भवनको हलमा छुट्टै परीक्षा दिने सुविधा दिइएको थियो, जसका कारण पारदर्शितामाथि प्रश्न उठेको छ । सिलगडीका पूर्व विधायक शंकर घोषले यस विषयमा तिब्र आपत्ति जनाउनु हुदै आवश्यक परेमा सीसीटीभी फुटेज सार्वजनिक गर्न माग गर्नुभएको छ । यस विषयमा शंकर घोष अनि मतिगडाका पूर्व विधायक आनन्दमय बर्मनले संयुक्त रूपमा विश्वविद्यालय पुगेर संयुक्त रजिस्ट्रार स्वपन रक्षितसँग जवाफ माग्नु भयो । उहाले यूजीसीको

नियम उल्लंघन गरेको र केही राजनीतिक नेताहरूलाई फाइदा पुर्याएको आरोपको बारेमा स्पष्टीकरण मागे, तर सन्तोषजनक जवाफ पाएनन्।श्री घोषले राज्यपाललाई लिखित उजुरी गर्ने र आवश्यक परे कानुनी कदम चाल्ने बताउनु भएको छ ।

**भारतीय जनता पार्टी - तृणमूल कांग्रेस –आरोप**

भारतीय जनता पार्टीले तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव अभिषेक बनर्जीले चुनावका क्रममा हिंसा भड्काउने बयान दिएको आरोप लगाउँदै निर्वाचन आयोगमा उजुरी दर्ता गरेको छ ।पार्टीले दर्ता गरेको उजुरीमा भनिएको छ, अभिषेक बनर्जीले पश्चिम बंगालको रैनामा आयोजित चुनावी रैलीमा भाजपा कार्यकर्ताहरू विरुद्ध हिंसात्मक भाषाको प्रयोग गरेको आरोप लगाइएको छ, जुन स्वतन्त्र र निष्पक्ष चुनावको भावनाको विरुद्ध हो। यस्तो टिप्पणीले राजनीतिक दलहरूबीच तनाव बढाउने मात्र नभई चुनावी माहौलमा समेत असर पार्ने आरोप लगाइएको छ।

**वन्दे मातरमको शतवार्षिकी-'वन्दे मातरम' यात्रा**

वन्दे मातरमको शतवार्षिकीको अवसरमा उत्तर बङ्गाल विश्वविद्यालयसँग सम्बद्ध राष्ट्रवादी युवा मञ्चले उत्तर बङ्गाल विश्वविद्यालयको गेट नम्बर २ बाट 'वन्दे मातरम' यात्रा आयोजना गरेको छ। विश्वविद्यालयको गेट नम्बर २ बाट सुरु भएको कार्यक्रममा विश्वविद्यालयका विद्यार्थीहरू र युवा मोर्चाका कार्यकर्ताहरूले भाग लिएका थिए। कार्यक्रममा राज्यको कमजोर शिक्षा प्रणाली र अभिभावकविहीन उत्तर बङ्गाल विश्वविद्यालयमा भ्रष्टाचारको आरोप लगाइएको थियो। कार्यकर्ताहरुले आगामी बिधानसभा चुनाउमा राज्यको हितमा तृणमूलको सरकार परिवर्तन गरी राष्ट्रवादी सरकार बनाउन आग्रह गरिएको थियो।

**सिलगडी -तस्कर पक्राउ**

सिलिगुडी पुलिस कमिश्नरेटले शहरलाई नशा मुक्त बनाउने दिशामा ठूलो सफलता हासिल गरेको छ। हिज राति दक्षिण दिनाजपुरबाट ब्राउन सुगर तस्करी गर्न आएका एक व्यक्तिलाई पुलिसले रंगेहात पक्राउ गरेको छ। पुलिस सुत्र अनुसार, सूचनाका आधारमा पुलिस र एनजेपी पुलिस स्टेशनको स्पेशल अपरेशन ग्रुपले तीनबत्ती मोड़ क्षेत्रलाई घेराबन्दी गरे पछि तस्करलाई पक्राउ गरेइको थियो ।

**********